# आर्थिक वर्ष २०५३/०५४, २०५४/०५५, २०५५/०५६, २०५६/०५७, २०५७/०५८, २०६५/०६६ तथा २०६६/६७ को नगद लाभांश लिन बाँकी शेयरधनी महानुभावहरुलाई अत्यन्त जरुरी सूचना

आर्थिक वर्ष २०५३/०५४, २०५४/०५५, २०५५/०५६, २०५६/०५७, २०५७/०५८, २०६५/०६६ तथा २०६६/६७ मा वितरण गरिएको नगद लाभांश रकम संकलन गर्नुहुनका लागि प्रत्येक वर्ष सूचना प्रकाशित गर्दा समेत केही शेयरधनी महानुभावहरुले हालसम्म पनि आफ्नो नगद लाभांश लिन नआउनु भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १८२(९) तथा दफा १८३ (१), (६) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

तसर्थ, नगद लाभांश लिन बाँकी रहेका शेयरधनी महानुभावहरुले मिति २०७५ माघ १० गतेभित्र यस प्रिमियर ईन्स्योरेन्स कं(नेपाल) लि. को केन्द्रीय कार्यालय नारायणचौर, नक्साल, काठमाण्डौंमा कार्यालय समयमा सम्पर्क राखी आफ्नो लिन बाँकी नगद लाभांशको रकम बुझिलिन हुन अनुरोध गर्दछौं । अन्यथा कम्पनी ऐन, २०६३ को दफा १८२(९) मा उल्लेखित "लाभांश वितरण गर्ने विषयमा कम्पनीको साधारण सभाले निर्णय गरेको मितिले पाँच वर्षको अवधि समाप्त भएपछि पनि कुनै शेयरधनीले बुझि नलिएको लाभांशको रकम दफा १८३ बमोजिम स्थापना हुने लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्नेछ" भन्ने व्यवस्था बमोजिम नगद लाभांश रकमको भुक्तानी हुन बाँकी रकम लगानीकर्ता संरक्षण कोष, कम्पनी रजिष्ट्रारको कार्यालयमा जम्मा गराइने भएकोले तत्पश्चात् यस कम्पनीसँग लाभांश रकम बाँकी नरहने व्यहोरा समेत सम्बन्धित सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रिमियर
INSURANCE
DELIVERING PROMISES


**प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड**

नारायणचौर, नक्साल, पो.ब.नं. ९१८३, काठमाण्डौं, नेपाल

फोन नं.: ४४१३५४३, ४४३९३५३, फ्याक्स नं.: ४४१३४४२